अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु मुहमद समिम अख्तर, नन्द किशोर गुप्ता र सत्यपाल सौरभ मु.नं (०८०-CR-०१३२) फैसला मिति २०८१/०३/०२	निर्माण कार्यमा अनियमितता गरेको।	**आयोगको माग दावी** •**सत्यपाल सौरभको हकमाः** निजले तयार गरेको Work complete report को Item 4 मा रहेको Brick Masonry work in (1:6) cement mortar को कार्य फिल्डमा वास्तविक ४७.८४ Cu. m. भएकोमा ५३.३७ Cu. M. उल्लेख गरी सम्झौता साथ संलग्न गरिएको इष्टीमेटको दररेट अनुसार बढी Quantity 5.53 cu.m. को हुने रु.६०,८५२/१५ यसै गरी Item 6 को PCC work (1:2:4) मा 1.74 cu.m. फिल्डमा वास्तविक कार्य भएकोमा ३.६७ उल्लेख गरी बढी देखाइएको 1.93 cu.m. को हुने रकम रु.२५,७९५।४८ गरी जम्मा रु.८६,६४७।६३ बढी भुक्तानी गर्न प्रतिवेदन/बिल तयार गरी पेश गरेको हुँदा निजलाई बिगो रु.८६,६४७।६३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिम झुठा बिल बनाइ बढी भुक्तानी दिन सिफारिस गरेको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन। साथै निजले भवनको छानामा UPVC प्रयोग गरेको अवस्थामा नापी किताबमा वास्तविक भन्दा फरक हुने गरी CGI Sheet उल्लेख गरेको र रु.८६,६४७।६३ बढी भुक्तानीका लागि गलत प्रतिवेदन समेत तयार गरेको पुष्टि हुन आएको हुदाँ निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही ऐनको दफा १९(२) बमोजिम थप सजाय हुन मागदावी लिएको अवस्था देखिन्छ । •**नन्द किशोर गुप्ताको हकमाः** प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रहेका नन्द किशोर गुप्ताले अन्तिम भुक्तानीका लागि प्राविधिकबाट तयार गरिएको नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा रु.१४,३५,९००/- बराबरको कार्य सम्पन्न भएको देखिएता पनि प्राविधिक प्रतिवेदन अनुसार विद्यालयले (उपभोक्ताले) बेहोर्ने रकम समानुपातिक रुपमा (५%) रु. ७१,७९५/-कट्टा गरी रु. १३,६४,१०५/- मात्र नगरपालिकाले भुक्तानी दिनु पर्नेमा अन्तिम किस्ता भुक्तानी गर्दा सम्झौता बमोजिम पेश गर्नु पर्ने	**फैसलाः** प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले कुनै बदनियत राखी आफूहरुलाई लाभ र नेपाल सरकार समेतलाई हानि पुऱ्याउने उद्देश्यले भ्रष्टाचारजन्य कार्य गरेको भन्ने देखिन नआएको । •प्रस्तुत मुद्दामा प्रतिवादीहरुले स्थानीय आवश्यक्ताको आधारमा निर्माण भएको उक्त कार्यको Variation order नलिएकै आधारमा मात्र भ्रष्टाचार जस्तो गंभीर अपराधमा यी प्रतिवादीहरुलाई कसूरदार ठहर गरी सजाय गर्न मिल्नेअवस्था नदेखिएको ।	•प्रस्तुत मुद्दामा भवन निर्माण सम्बन्धि खर्चका विल भर्पाइ र विद्यालयको आ.व. २०७६/७७ को लेखा परीक्षण प्रतिवेदनबाट भवन निर्माणमा खर्च भएको रकम रु. १२,४३,१००/- र आ.व. २०७५/७६ को प्रतिवेदनमा रु. ४,०९,९५०/- गरी जम्मा रु. १६,५३,०५०/- खर्च लेखेको देखिएको हुँदा विद्यालयले अन्तिम मुल्यांकनबाट भुक्तानी हुनु पर्ने देखिएको रकम रु. १४,३५,९००/- भन्दा बढी रु. २,१७,१५०/-खर्च गरेको भन्ने देखिएको र आयोगको तर्फबाट स्थलगत नापजाँच गरी तयार गरिएको प्रतिवेदन अनुसार नापी किताबमा उल्लेख भए भन्दा Item ४ को Brick Masonry work ५.५३ घन मीटर बढी अर्थात रु. ६०,८५२.१५ र Item ६ को PCC work १.९३ घन मी. अर्थात् रु.२५,७९५/४८ गरी जम्मा रकम रु.८६,६४७/६३ बढीको विल बनाई भुक्तानी गराएको भन्ने देखिन्छ । यसरी प्राविधिकबाट गलत मूल्यांकन गरी रु. ८६,६४७/६३ र विद्यालयले लेखेको बढी खर्च रु. २,१७,१५०/- गरी जम्मा ३,०३,७९७/६३ सम्झौता विपरीत बढी खर्च गरेको भन्ने पुष्टी भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुर्टिपूर्ण देखिएकोले वदरभागी रहेको छ । वदर गरीपाउँ । •ईशनाथ नगरपालिका नगर कार्यपालिका, रौतहटका तत्कालिन इन्जिनियर सत्यपाल सौरभले तयार गरेको Work complete report को Item ४ मा रहेको Brick Masonry work in (१:६) cement mortar को कार्य फिल्डमा वास्तविक ४७.८४ Cu. m. भएकोमा ५३.३७ Cu. M. उल्लेख गरी सम्झौता साथ संलग्न गरिएको इष्टीमेटको दररेट अनुसार बढी Quantity ५.५३ cu.m. को हुने रु. ६०,८५२/१५ यसै गरी Item ६ को PCC work (१:२:४) मा १.७४ cu.m. फिल्डमा वास्तविक कार्य भएकोमा ३.६७ उल्लेख गरी बढी देखाइएको १.९३ cu.m. को हुने रकम रु. २५,७९५।४८ गरी जम्मा रु. ८६,६४७।६३ बढी भुक्तानी गर्न प्रतिवेदन/विल तयार गरी पेश गरेको भन्ने देखिहेको साथै ईशनाथ नगरपालिका नगर कार्यपालिका, रौतहटका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत किशोर गुप्ताले अन्तिम भुक्तानीका लागि प्राविधिकबाट तयार गरिएको नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा रु. १४,३५,९००/- बराबरको कार्य सम्पन्न भएको देखिएता पनि प्राविधिक प्रतिवेदन अनुसार विद्यालयले (उपभोक्ताले) वेहोर्ने रकम समानुपातिक रुपमा (५%) रु. ७१,७९५/-कट्टा गरी रु. १३,६४,१०५/- मात्र नगरपालिकाले भुक्तानी दिनु पर्नेमा अन्तिम किस्ता भुक्तानी गर्दा सम्झौता बमोजिम पेश गर्नु पर्ने विद्यालयको माग निवेदन, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिकको सिफारिस समेतका कागजातहरु चेकजाँच नगरी बाँकी रकम फुकुवा/निकासा गरी भुक्तानी नहुनु पर्ने रु. २,३५,८९५/- बढी भुक्तानी दिएको देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय हुनुपर्नेमा यि प्रतिवादीहरलाई आरोपदावीबाट नै सफाई दिने गरी भएको फैसला त्रुर्टि भएकोले वदर गरिपाउँ । •आधारभुत विद्यालय, लक्ष्मीनिया, रौतहटका तत्कालिन प्रधानाध्यापक मुहमद समिम अख्तरले प्राविधिकबाट अन्तिम भुक्तानीका लागि बनाइएको कार्य सम्पन्न प्रतिवेदन (MB) अनुसार नगरपालिकाबाट प्राप्त रकम

			विद्यालयको माग निवेदन, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिकको सिफारिस समेतका कागजातहरु चेकजाँच नगरी बाँकी रकम फुकुवा/निकासा गरी भुक्तानी नहुनु पर्ने रु.२,३५,८९५/- बढी भुक्तानी दिएको देखिएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएको हुँदा बढी भुक्तानी भएको रकम रु. २,३५,८९५/- बिगो कायम गरी निजलाई सोही ऐनको दफा ८ (१) बमोजिम कैद र बिगो बमोजिमको जरिबाना गरी बिगो असुल उपर हुन मागदावी लिएको अवस्था देखिन्छ। • **मुहमद समिम अख्तरको हकमाः** प्राविधिकबाट अन्तिम भुक्तानीका लागि बनाइएको कार्य सम्पन्न प्रतिवेदन (MB) अनुसार नगरपालिकाबाट प्राप्त रकम समेतबाट सम्झौता बमोजिम जम्मा रु.१४,३५,९००/- मा गलत नापजाँच गरी थप गरिएको बढी रकम रु.८६,६४७।६३ घटाइ हुन आउने रकम रु. १३,४९,२५२।३७ मात्र खर्च हुनु पर्नेमा प्राप्त बिल भर्पाइ र लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा जम्मा रु.१६,५३,०५०।०० खर्च देखाई हुँदै नभएको कामको झुठा वील पेश गरी रु.३,०३,७९७।६३ बढी खर्च लेखेको पुष्टि हुन आएको हुँदा तत्कालिन प्रधानाध्यापक मुहमद समिम अख्तरले झुठा बिल बनाइ बढी भुक्तानी दिने कार्य गरी सार्वजनिक निकायलाई हानी नोक्सानी हुने कार्य गरेकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ङ) बमोजिमको कसुर भएको हुँदा निजलाई बढी खर्च देखाएको रकम रु.३,०३,७९७।६३ बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद हुन र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन मागदावी लिएको अवस्था देखिन्छ। **अदालतको फैसला** • प्रतिवादीहरुलाई सजाय गर्न मिल्ने अवस्था नदेखिदा प्रतिवादीहरु मुहमद समिम अख्तर, नन्द किशोर गुप्ता र सत्यपाल सौरभले अभियोग दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ ।		समेतबाट सम्झौता बमोजिम जम्मा रु. १४,३५,९००/- मा गलत नापजाँच गरी थप गरिएको बढी रकम रु. ८६,६४७।६३ घटाइ हुन आउने रकम रु. १३,४९,२५२।३७ मात्र खर्च हुनु पर्नेमा प्राप्त विल भर्पाइ र लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा जम्मा रु. १६,५३,०५०।०० खर्च देखाई हुँदै नभएको कामको झुठा वील पेश गरी रु. ३,०३,७९७।६३ बढी खर्च लेखेको भन्ने देखिहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फेसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । • सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५४ लागत इस्टिमेट संशोधन गर्नु पर्दा तोकिए वमोजिम मा भेरियसन आदेश लिएर मात्र लागत इस्टिमेट संशोधन गर्नुपर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था रहेकोमा उक्त कानूनी व्यवस्थालाई अन्देखा गरी Variation order नलिएकै आधारमा मात्र भ्रष्टाचार जस्तो गंभीर अपराधमा यी प्रतिवादीहरुलाई कसूरदार ठहर गरी सजाय गर्न नमिल्ने भनी आधारहिन जिकिर लिई प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला प्रमाण र कानूनको रोहमा त्रुर्टिपुर्ण रहेकोले वदरभागी छ ।वदर गरीपाउँ ।